# कोन्ज्योसोम गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चौघरे, ललितपुर

३ नं. प्रदेश, नेपाल

प. सं.:- ०७५/७६
च. नं.:- ४८८

मितिः-२०७५/१२/०८

विषयः- बेरोजगार लगत संकलन गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै

कोन्ज्योसोम गाउँपालिका ।

श्रम तथा रोजगार सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ९५ मिति २०७५/१२/०४ को पत्र यसै साथ संलग्न छ । सो अनुसार त्यस वडामा भएका बेरोजगार व्यक्तिहरुको विवरण संकलन गर्नुहुन अनुरोध छ ।

रोम बहादुर महत
प्रमुख प्रशासकिय अधिकृत

रोम बहादुर महत
प्रमुख प्रशासकिय अधिकृत

सिंहदरबार, काठमाडौं, नेपाल
फोन नं. : ९७७-१-४२००४७७
फ्याक्स : ९७७-१-४२११८७७
E-mail : info@mole.gov.np
Website : moless.gov.np

नेपाल सरकार
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

PMEP/14/ ९५

मितिः २०७५।१२।०४

श्री स्थानीय तहहरु सबै
मार्फतःसंघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय।

यस मन्त्रालयबाट सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनका लागि प्रत्येक स्थानीय तह मातहत स्थापना भएका रोजगार सेवा केन्द्रमा रही कामकाज गर्ने रोजगार संयोजकको पद करारमा पदपूर्ति गर्न मिति २०७५।१०।४ गते प्रकाशित सूचना अनुसार पदपूर्ति हुँदा २६८ वटा स्थानीय तहहरु बाहेक अन्य सबै स्थानीय तहका रोजगार सेवा केन्द्रमा रोजगार संयोजक खटिई सकेको व्यहोरा जानकारीका लागि अनुरोध छ।

रोजगार संयोजकको पदपूर्ति हुन नसकेका स्थानीय तहका रोजगार सेवा केन्द्रमा यहि चैत्र महिनाभित्रमै पदपूर्ति गर्ने गरी दरखास्त आह्वान गर्दै मिति २०७५।११।३० गते यस मन्त्रालयबाट पुनः सूचना प्रकाशन गरिएको छ।

रोजगारीको हकसम्बन्धी ऐन, २०७५ बमोजिम यही चैत्र महिनाभित्र बेरोजगार व्यक्तिहरुलाई आफू स्थायी बसोबास गरेको वडाको कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुनको लागि निवेदन दिने सूचना प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाइट www.pmep.gov.np, यस मन्त्रालयको वेभसाइट www.moless.gov.np तथा मिति २०७५।११।२६ गतेको गोरखापत्र दैनिकमा प्रकाशित भईसकेको व्यहोरा समेत अनुरोध छ।

उपरोक्त सन्दर्भमा रोजगारी हक सम्बन्धी ऐन, २०७५, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ तथा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ बमोजिम बेरोजगार व्यक्तिहरुको सूचना संकलनको कार्य गर्न तपसिल अनुसारको व्यवस्था हुन मिति २०७५।११।३० गतेको मा. मन्त्रीस्तरको निर्णयानुसार अनुरोध छः

(क) रोजगार संयोजक खटिई सकेका स्थानीय तहहरुमा सबै वडा कार्यालयहरुमार्फत बेरोजगार व्यक्तिहरुको निवेदन संकलन गर्ने लगायतका कार्यका लागि रोजगार संयोजकलाई परिचालन गर्नुहुन,

(ख) रोजगार संयोजक खटाउन बाँकी रहेका स्थानीय तहहरुमा रोजगार संयोजक खटिई कामकाज गर्न नतोकिएसम्मको अवधिका लागि सबै वडा कार्यालयमार्फत बेरोजगार व्यक्तिहरुको निवेदन संकलनको कार्य गर्न सम्बन्धित स्थानीय तहमा कार्यरत एक जना कर्मचारीलाई खटाई सहयोग गरिदिनुहन,

ग) खण्ड क र ख को प्रयोजनका लागि बेरोजगार व्यक्तिको निवेदन संकलन गर्ने प्रयोजनको प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिमको फाराम यस मन्त्रालयको मिति २०७५।१२।०४ गतेको निर्णयबाट संशोधन भएको हुँदा उक्त संशोधित फाराम यसैसाथ संलग्न राखी पठाइएको छ। सबै स्थानीय तहहरुबाट संकलन हुने बेरोजगार व्यक्तिहरुको विवरण यसैसाथ संलग्न संशोधित फाराम अनुसार संकलन गर्ने व्यवस्था गर्नुहुन।

(डा. लोकनाथ भुसाल)
उप-सचिव

अनुसूची १
(दफा १८ को उपदफा (१) सँग सम्बन्धित)
**बेरोजगार दर्ताका लागि दिने निवेदन**
(मिति २०७५।१२।०४ गतेको मा. मन्त्रीस्तरको निर्णयानुसार संशोधित)

प्रधानमन्त्री रोजगार कार्यक्रम
सिंहदरबार, काठमाडौं

श्री .....नं. वडा कार्यालय,                                                                मिति :
.................... गाउँपालिका/नगरपालिका, जिल्ला .............

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र म तोकिए बमोजिमको आय आर्जन हुने स्वरोजगारमा संलग्न नभएको हुँदा नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तहद्वारा संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन देहाय बमोजिमको विवरण सहित यो निवेदन पेश गरेको छु।

१. नाम, थर: .......................................................

२. लिङ्ग:                    क) पुरुष          ख) महिला          ग) अन्य

३. पारिवारिक विवरण:

(अ) वर्ग/समूह:(तपाईं आफूलाई कुन वर्ग/समूहमा राख्न रुचाउनुहुन्छ? छान्नुहोस)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क) आदिवासी जनजाती | ख) दलित | ग) वैश्य | घ) मुसलमान | ङ) ब्राह्मण | च) क्षेत्री | छ) मधेशी | ज) अन्य... |

(आ) अल्पसंख्यक समुदाय:  हो / होइन
(इ) लोपोन्मुख जनजाती :  हो / होइन
(ई) सीमान्तकृत वर्ग :  हो / होइन   **(यदि हो भने, अतिसीमान्तकृत वर्ग:** हो / होइन)

(उ) **परिवारको संख्या:**  जम्मा: ............. महिला: .......... पुरुष: ...................
१८-५९ उमेर समूहको सदस्य संख्या: ..........................

(ऊ) **परिवारमा अपाङ्गता भएका सदस्य:**   छ / छैन  **(यदि छ भने उल्लेख गर्नुहोस)**
१. नाम: .......... ............... **उमेर:**.......... **अशक्तताको प्रकृति:** पूर्ण अशक्त/अति अशक्त/ मध्यम/सामान्य
२. नाम: .......... ............... **उमेर:**.......... **अशक्तताको प्रकृति:** पूर्ण अशक्त/अति अशक्त/ मध्यम/सामान्य

(ऐ) आवेदक गर्भवती वा सुत्केरी भएकी महिला भएमा उल्लेख गर्ने।
गर्भवती ........(महिना) वा सुत्केरी भएमा .......(महिना)

४. स्थायी ठेगाना : प्रदेश ............. जिल्ला ................ न.पा./गा.पा....................... वडा नं ......
५. अस्थायी ठेगाना : प्रदेश ............. जिल्ला ................ न.पा./गा.पा....................... वडा नं ......

६. सम्पर्क विवरण (उपलब्ध भएसम्म)  फोन/मोबाइल नं: .......................... ईमेल ..............................

७. प्राथमिकताक्रम निर्धारण प्रयोजनका लागि आवश्यक थप विवरण:

| | | |
|---|---|---|
| क) कृषि उत्पादनले वर्षमा ३ महिनासम्म खान (कृषिमा आश्रित परिवारको सदस्य भएमा) | पुग्छ | पुग्दैन |
| (ख) बसोबासका लागि आफ्नै घर | भएको | नभएको |
| (ग) घरमूली एकल महिला | हो | होइन |
| (घ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य | हो | होइन |
| (ङ)परिवारमा काम गर्ने उमेर (१८-५९) समूहको र काम गर्न सक्ने शारीरिक अवस्था भएको परिवारको सदस्य | छ | छैन |

८. आवेदकको कामको अनुभव सम्बन्धी विवरण

| कार्यक्षेत्र | पद | काम गरेको अवधि | | संस्था (यदि भएमा) |
|---|---|---|---|---|
| | | देखि | सम्म | |
| | | | | |
| | | | | |
| | | | | |

सामाजिक सुरक्षा मन्त्रालय ... रोजगार कार्यक्रम सिंहदरबार, काठमाडौं

९. परिवारका सदस्य र रोजगारीको अवस्था (निवेदक सहित)

| नाम | निवेदक सँगको नाता | नागरिकता / रा.प.प. सम्बन्धी विवरण | | | जन्म मिति | शैक्षिक योग्यता (निरक्षर, साक्षर, आधारभूत, एस.एल.सी, उच्च मा.वी. स्नातक वा सो भन्दा वढि) | हाँसिल गरेको सीप | | रोजगारीको अवस्था (स्वदेश / विदेश / स्वरोजगार / बेरोजगार) | सामाजिक सुरक्षा कोष वा अन्य सरकारी कोष वा रोजगारदाताबाट नियमित रुपमा कुनै सहयता लिईरहेको / नरहेको |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ना प्र नं. / रा प प नं. | जारी मिति | जारी जिल्ला | | | सीपको विवरण | (दक्ष, अर्धदक्ष, अदक्ष) | | |
| | (निवेदक) | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

१०. वार्षिक पारिवारिक आय : रु........................ (अक्षरेपी ............................................................................)

११. काम गर्न चाहेको क्षेत्र (एकभन्दा बढी क्षेत्रहरु छनौट गर्न सकिने):

| कृषि, सहकारी तथा पशु विकास | उर्जा, सिचाइ तथा नदी नियन्त्रण | खानेपानी तथा सरसफाई | वन तथा वातावरण | पर्यटन प्रवर्द्धन | सडक यातायात | शिक्षा, युवा तथा खेलकुद | पुन: निर्माण | सामुदायिक पूर्वाधार निर्माण | ठूला तथा राष्ट्रिय गौरवका आयोजना | सूचना तथा संचार प्रविधि | उद्योग | स्वास्थ्य | अन्य ...... |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | | |

१२. काममा खटिन चाहेको सम्भावित समय ..................देखि.................... सम्म

१३. बैङ्क खाताको विवरण (उपलब्ध भएमा): बैङ्कको नाम: ........................................ ठेगाना: ........................................

खाता नंबर: ........................................ खाताको प्रकार ........................................

उपरोक्त बमोजिमको विवरण साँचो हो, झुठा ठहरे प्रचलित कानून बमोजिम सहुँला / बुझाउँला भनी सहिछाप गर्ने ।